**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**<u>मुख्य समाचार</u>**

१. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा वीर बाल दिवसको अवसरमा 'प्रधान मन्त्री राष्ट्रिय बाल पुरस्कार' प्रदान गर्नुहुनेछ।

२. गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा आतङ्कवाद विरोधी सम्मेलनको उद्धाटन गर्नुहुनेछ।

३. निर्वाचन आयोगले एसआईआर अन्तर्गत अब सुनुवाइमा पेश गरिएका कागजातहरू नक्कली छन् कि छैनन् भनेर जाँच गर्नेछ।

४. तृणमूल कंग्रेसका महासचिव अनि लोकसभा सांसद अभिषेक ब्यनर्जीले आगामी तीन दिनभित्रमा पार्टी नेता एवं कार्कर्ताहरूसित दुई वटा महत्वपूर्ण भर्चुअल बैठक गर्नुहुनेछ।

५. भाजपाका वरिष्ठ नेता शुभेन्दु अधिकारीले बंगलादेशका जनताले वास्तविक लोकतन्त्र स्थापना गर्न र अल्पसंख्यकको रक्षा गर्न सन् १९७१ को जस्तो अवस्था दोहोर्याउनुपर्ने बताउनु भएको छ ।

**<u>वीर बाल दिवस कार्यक्रम</u>**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा वीर बाल दिवसको अवसरमा 'प्रधान मन्त्री राष्ट्रिय बाल पुरस्कार' प्रदान गर्नुहुनेछ। यस वर्ष, 18 राज्य र केन्द्र शासित प्रदेशहरूका 20 बाल बालिकाहरुलाई बहादुरी, खेल र समाज सेवा सहित विभिन्न क्षेत्रहरूमा उत्कृष्ट उपलब्धिको लागि पुरस्कारको लागि चयन गरिएको छ। प्रधान मन्त्री नरेन्द्र मोदीले भारत मण्डपममा वीर बाल दिवसको राष्ट्रिय स्तरको कार्यक्रममा भाग लिनुहुनेछ र बालबालिका र युवाहरूलाई सम्बोधन गर्नुहुनेछ। कार्यक्रममा प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कारका विजेताहरु पनि उपस्थित रहनेछन् ।

**<u>शाह-आतंकवाद रोधी सम्मेलन</u>**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा आतङ्कवाद विरोधी सम्मेलनको उद्धाटन गर्नुहुनेछ। गृह मन्त्रालयले यो दुई दिने सम्मेलन राष्ट्रिय सुरक्षालाई प्रभावित गर्ने मुद्दाहरू र आतङ्कवादबाट उत्पन्न खतराहरूमा विचार-विमर्श गर्न आतङ्कवाद विरोधी अभियानहरूमा संलग्न सैन्य, प्राविधिक, कानूनी र फोरेंसिक विशेषज्ञहरूका लागि एक मञ्च रहेको बताएको छ । सम्मेलनको मुख्य उद्देश्य आतंकवादविरुद्ध समन्वयात्मक कारवाहनका लागि औपचारिक र अनौपचारिक च्यानल निर्माण गरी विभिन्न सरोकारवालाबीच समन्वय सिर्जना गर्ने पनि मन्त्रालयले जनाएको छ ।

**<u>एसआईआर</u>**

निर्वाचन आयोगले विशेष गहन पुनरीक्षणपश्चिम बंगालमा, मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) अन्तर्गत अब सुनुवाइमा पेश गरिएका कागजातहरू नक्कली छन् कि छैनन् भनेर जाँच गर्नेछ।

**(निर्वाचन आयोगले पश्चिम बंगालसहित 12 राज्य र केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूलाई यस सम्बन्धमा विस्तृत दिशानिर्देश जारी गरेको छ। सुनुवाइका क्रममा पेस भएका सबै कागजातको अनिवार्य प्रमाणीकरण गरिने आयोगले स्पष्ट पारेको छ । सुनुवाइका लागि सूचना पठाइएका मतदाताले निर्धारित मितिमा उपस्थित**

**भई आफ्नो मतदाताको वैधता प्रमाणित गर्नुपर्नेछ। यसका लागि आवश्यक प्रमाणपत्र पेश गर्नुपर्ने छ। आयोगले यो पनि स्पष्ट गरेको छ कि केवल कागजातहरू प्रस्तुत गर्नु पर्याप्त हुँदैन, तर मतदाता नामावलीमा आफ्नो नाम वैध रूपमा दर्ता भएको प्रमाणित गर्ने दायित्व मतदाताको हुनेछ। यदि आवश्यक परेरे यो पनि देखाउनु पर्नेछ कि उसको नाम म्यापिङ प्रक्रियामा समावेश गरिएको छ वा पहिलेको एसआईआर।**

**सुनुवाइका क्रममा प्राप्त भएका सबै कागजातहरु सम्बन्धित बुथ तह अधिकारीले तोकेको एपमा अपलोड गर्नुपर्नेछ। कागजात पेस गरेपछि पेन्डिङ गर्न नमिल्ने आयोगले निर्देशन दिएको छ। आयोगको एप वा आधिकारिक वेबसाइटमा बढीमा पाँच दिनभित्र सबै कागजात अपलोड गर्नुपर्ने छ। त्यसपछि कागजात जाँच्ने जिम्मेवारी जिल्ला निर्वाचन अधिकारीको हुनेछ। जिल्ला निर्वाचन अधिकृतले कागजातको आधिकारिकता प्रमाणित गर्न सम्बन्धित विभागमा सम्पर्क गर्नेछन्।)**

**कोलकाता - सुशासन दिवस**

भारतरत्न अटल बिहारी बाजपेयीको १०१औँ जन्मजयन्ती अर्थात सुशासन दिवसको अवसरमा कोलकाताको राष्ट्रिय पुस्तकालयमा भव्य कार्यक्रम आयोजना गरिएको थियो। भाजपाले आयोजना गरेको उक्त कार्यक्रममा केन्द्रीय र राज्य तहका धेरै वरिष्ठ नेताहरू र ठूलो संख्यामा पार्टी कार्यकर्ताहरू उपस्थित थिए। । सो अवसरमा प्रदेश अध्यक्ष शमिक भट्टाचार्य, केन्द्रीय नेता सुनिल बंसल, विपक्षी दलका नेता शुभेन्दु अधिकारी, राहुल सिन्हा, केन्द्रीय मन्त्री तथा पूर्व प्रदेश अध्यक्ष सुकान्त मजुमदार लगायत पार्टीका धेरै वरिष्ठ र युवा नेताहरू उपस्थित थिए। प्रदेश अध्यक्ष शमिक भट्टाचार्यले अटल बिहारी बाजपेयीको सम्पूर्ण जीवनले देशलाई एकताबद्ध गर्न र सबैलाई साथ लिएर जान प्रेरित गरेको बताउनु भयो। उहाँले पार्टी कार्यकर्ताहरूलाई सम्झाए कि अटलजीले सधैं संवाद, संयम र समन्वयलाई प्राथमिकता दिए। नयाँ र पुराना कार्यकर्ताबीच राम्रो सम्बन्ध सिर्जना गर्नुपर्नेमा जोड दिँदै भट्टाचार्यले भन्नु भयो, 'संगठनको शक्ति यसैबाट आउँछ र यो अटल बिहारी बाजपेयीको सबैभन्दा ठूलो शिक्षा पाठ हो।

**अभिषेक ब्यनर्जी**

तृणमूल कंग्रेसका महासचिव अनि लोकसभा सांसद अभिषेक ब्यनर्जीले आगामी तीन दिनभित्रमा पार्टी नेता एवं कार्कर्ताहरूसित दुई वटा महत्वपूर्ण भर्चुअल बैठक गर्नुहुनेछ। यी बैठकहरूमा मतदाता सूचीसित सम्बन्धित मुद्दा सहित आगामी विधानसभा चुनाउको रणनीतिमाथि पनि विस्तार पूर्वक चर्चा हुनेछ। पहिलो बैठक आज अनि दोस्रो बैठक आगामी 28 दिसम्बरमा हुनेछ। पहिलो बैठकमा पश्चिम बंगालमा मतदाता सूचीको प्रारूपमाथि दाबी एवं आपत्तिहरूक सुनवाई शरू हुन ठीक एक दिनअघि डाकिएको छ। पार्टी सूत्र अनुसार यस बैठकमा विभिन्न स्तरहरूमा लगभग 5 हजार नेता अनि बूथ स्तरका एजेन्टहरू सामेल हुनेछन्। बैठकमा सुनवाई प्रक्रिया अवधि बूथ स्तरका एजेन्टहरूको भूमिका के हुनेछ र उनले के-कस्तो जिम्मेवारीहरू निर्वाह गर्नुपर्ने त्यसबारेमा ब्यनर्जीले निर्देशन दिने बताइएको छ। दोस्रो भर्चुअल बैठक आगामी 28 दिसम्बरमा प्रस्तावित छ। यस बैठकमा अभिषेक ब्यनर्जीले आगामी वर्ष 2026- को मध्यसम्ममा सम्पन्न हुने विधानसभा चुनाउलाई लिएर व्यापक प्रचार अभियानको रूपरेखा पेश गर्नेछन्। **(पार्टी सूत्रका अनुसार, बैठकमा आगामी वर्षको शुरूआतसितै जनतामाझ कसरी अभियान संचालन गर्नु पर्ने हो त्यो निश्चित गरिनेछ। बैठकमा राज्य सरकारका विभिन्न विकास योजनाहरू अनि कल्याणकारी कार्यक्रमहरूको उपलब्धिहरूलाई आम मानिसहरूसम्म पुऱ्याउनेमाथि बल दिइनेछ।**
**दुवै बैठक पूर्ण रूपले भर्चुअली हुनेछ। पार्टीका सबै निर्वाचित सांसद, विधायक, नगरनिगम एवं नगरपालिकाका प्रमुखहरू एवं जिल्ला परिषदका अध्यक्षहरूलाई यस बैठकमा सामेल हुने निर्देश दिइएको छ।)**

**पथश्री परियोजना**राज्य

सरकारको महत्वाकांक्षी पथश्री परियोजनाको चौथो चरणमा पश्चिम मेदिनीपुर जिल्लामा कुल 912 किलोमिटर लम्बाइका कुल 659 ग्रामीण सडक निर्माण गरिनेछ। जिल्ला मजिस्ट्रेट विजय कृष्णले हिज  यो जानकारी दिएका हुन्। जिल्ला प्रशासनका अनुसार पथश्री परियोजनाको यो चरणमा जिल्लाका विभिन्न क्षेत्रमा विभिन्न एजेन्सी मार्फत सडक निर्माणको काम सम्पन्न गरिनेछ। यी परियोजनाका लागि 473 करोड रूपीयाँको लागत आउनेछ। परियोजना पुरा भएपछि जिल्लाका दुर्गम र ग्रामीण भेगमा कनेक्टिभिटी बलियो बन्ने प्रशासन स्रोतको भनाइ छ।

**सुवेंदु-बांग्लादेश लोकतंत्र**

भारतीय जनता पार्टीका वरिष्ठ नेता शुभेन्दु अधिकारीले अशान्ति ग्रस्त बंगलादेशका जनताले वास्तविक लोकतन्त्र स्थापना गर्न र अल्पसंख्यकको रक्षा गर्न सन् १९७१ को जस्तो अवस्था दोहोर्याउनुपर्ने बताउनु भएको छ। कोलकातामा पत्रकारहरूसँग कुरा गर्दै अधिकारीले भन्नुभयो, "सन् १९७१ मा मुक्तिजोद्धाहरुले पाकिस्तानीहरूलाई पराजित गरेको थियो। उहाँले यो वक्तव्य भाजपाको नेताका रूपमा नभई भारतीय नागरिकका रूपमा यस विषयमा टिप्पणी गरेको बताउनु भयो । उहाँले भन्नुभयो हिन्दू र अन्य अल्पसंख्यकहरूको रक्षा चाहनेहरूले जमात तत्वहरूलाई पराजित गर्न, बङ्गाली संस्कृति, साहित्य र विरासतलाई पुन: स्थापना गर्न र १९७१ को यथास्थिति फिर्ता ल्याउन काम गर्नुपर्ने हुन सक्छ। पाकिस्तानी आक्रमणकारीहरूलाई बंगलादेशबाट लखेट्ने मुक्तिजोधाहरू जस्तै आज जिहाद विरोधी मुक्तिजोधाहरू सक्रिय हुनु समयको आवश्यकता हो।

**रक्तदान-शिविर**

"रक्तदान गरौं, कसैको अमूल्य जीवन बचाऔं" भन्ने मूल नारालाई आत्मसात् गर्दै क्रिसमसको पावन अवसरमा केएफसी (KFC) सिलिगुडीले सुकुना गेम्स एण्ड स्पोर्ट्स एसोसिएसन भवनमा रक्तदान शिविरको सफलतापूर्वक आयोजना गरेको छ। शिविरको उद्घाटनअघि क्लबका सचिव सुरेन प्रधानले आफ्नो मन्तव्य राख्दै सबैलाई न्यानो स्वागत गर्दै क्रिसमस र आगामी नयाँ वर्षको शुभकामना व्यक्त गरे।

**गोर्खा जन पुस्तकालय**

गोर्खा जन पुस्तकालय खरसाङद्वारा कुर्सी अभियान कार्यक्रम सफल भएकोमा शुभचिन्तकहरूप्रति कृतज्ञता व्यक्त गर्दै हिजो धन्यवाद कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा मूल सचिव विनोद रसाइलीले उपस्थित सम्पूर्णमा क्रिसमसको शुभकामना व्यक्त गर्दै शुरूमा कार्यकारी समितिभित्र मात्र यस अभियान सीमित राखिएको भए तापनि पछि केही सदस्यहरू यस अभियानको निम्ति सहभागिता जनाउन उत्साहित भएको कुरो थाहा लागेपछि समूहमा यस अभियानबारे साझा गरिएको कुरो जानकारी गराए। 112 वर्षभन्दा लामो समयदेखि भाषा-साहित्य र विद्यार्थीहरूको निम्ति सेवारत पुस्तकालयलाई संरक्षण र सम्वर्द्धनको निम्ति विशेष क्षेत्रीय प्रशासन पनि अघि आउनुपर्ने उनले आह्वान गरे।

**रेलिङ च्याम्पियन्स ट्रफी**

पाँचौ संस्कारणको अपार सफलतापछि रेलिङ च्याम्पियन्स ट्रफी छैटौं संस्करण आगामी ३१ डिसेम्बर २०२५ देखि शुरू हुने भएको छ।

यश प्रतियोगिताको उद्घाटनी खेल विगत बर्षको उपविजेता दल आयुष एफसी सिलगढी बनाम चाइल्डहुड एफसी नाम्ची सिक्किम बीचमा हुनेछ। यस संस्कारणमा उत्कृष्ट खेलाडीहरूले भरिएका लोकल दलहरूसँगै दार्जिलिङ , सिक्किम , कालेबुङ , सिलगढी अनि छिमेकी राष्ट्र नेपाल मिलाएर जम्मा १६ वटा दलहरूले सहभागीता जनाउने भएका छन।

****** ० ******